# नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत चिकित्सा शिक्षा अध्यापन गर्ने शिक्षण संस्थाहरुको अनुगमन, गुणस्तर मूल्याङ्कन तथा सीट निर्धारण कार्यविधि, २०७८

## (स्पेसियालिटि तथा सवस्पेसियालिटि तह)

कार्यकारी समितिबाट स्वीकृत मिति २०७८।६।१२

नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज

चिकित्सा शिक्षा आयोग

सानोठिमी, भक्तपुर

National Board of Medical Specialties

Medical Education Commission

2021

प्रा.डा. ...कृष्ण गिरी

उपाध्यक्ष

# नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत चिकित्सा शिक्षा अध्यापन गर्ने शिक्षण संस्थाहरुको अनुगमन, गुणस्तर मूल्याङ्कन तथा सीट निर्धारण कार्यविधि, २०७८

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को प्रस्तावनाको भावना, दफा २८ को खण्ड (घ) बमोजिमको नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजद्वारा उक्त ऐनको दफा ६ (घ) र (झ) का साथै राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ३१ मा उल्लेख भए बमोजिमका बूँदाहरु कार्यान्वयन गर्न बाञ्छनीय भएकोले, चिकित्सा शिक्षा आयोग कार्यकारी समितिले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद- १

१.संक्षिप्त नाम र प्रारम्भ :(१) यो कार्यविधिको नाम "नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत चिकित्सा शिक्षा अध्यापन गर्ने शिक्षण संस्थाहरुको अनुगमन, गुणस्तर मूल्याङ्कन तथा सीट निर्धारण कार्यविधि,२०७८ रहेको छ ।

(२) यो कार्यविधि आयोगको कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

३. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

(क) "आयोग" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा (३) बमोजमको आयोग सम्झनु पर्दछ ।

(ख) "चिकित्सा शिक्षा" भन्नाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियलिटिज अन्तर्गत स्पेसियालिटि तथा सवस्पेसियालिटि तहका शैक्षिक कार्यक्रम सम्झनु पर्दछ ।

(ग) "ऐन" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनुपर्दछ ।

(घ) "निर्देशक" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ बमोजिमको निर्देशक सम्झनुपर्दछ ।

(ङ) "निर्देशनालय" भन्नाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज लाई सम्झनुपर्छ ।

(च) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ बमोजिमको कार्यकारी समिति सम्झनु पर्दछ ।

(छ) "नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनुपर्दछ ।

(ज) "कार्यविधि" भन्नाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत चिकित्सा शिक्षा अध्यापन गर्ने शिक्षण संस्थाहरुको अनुगमन, गुणस्तर मूल्याङ्कन तथा सीट निर्धारण कार्यविधि, २०७८ सम्झनुपर्दछ ।



प्रा.डा. ...कृष्ण गिरी
उपाध्यक्ष

(झ) "स्वमूल्याङ्कन कार्यविधि" भन्नाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज स्वमूल्याङ्कन कार्यविधि २०७८ सम्झनुपर्दछ ।

(ञ) "नेशनल बोर्ड/NBMS " भन्नाले यस कार्यविधिमा उल्लेख भएको नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको सङ्क्षिप्त नाम- संज्ञा सम्झनुपर्दछ. ।

(ट) "संस्था" भन्नाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत स्पेसियालिटि तथा सवस्पेसियालिटि तहमा अध्ययन अध्यापन गराउने शिक्षण संस्थालाई सम्झनु पर्दछ ।

(ठ) "फ्याकल्टी" भन्नाले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत स्पेसियालिटि तथा सवस्पेसियालिटि तहमा अध्यापन गराउने फ्याकल्टी शिक्षकलाई सम्झनु पर्दछ ।

(ड) "बोर्ड बैठक" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम २८ बमोजिम गठन भएको नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको बोर्ड बैठक सम्झनु पर्दछ ।

## परिच्छेद- २

२.१. स्वमूल्याङ्कनका लागि **आवेदन गर्नुपर्ने :** नेशनल बोर्ड अन्तर्गत स्पेसियालिटि तथा सवस्पेसियालिटि तहमा कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाहरुले नेशनल बोर्डबाट प्रत्येक वर्ष कार्यक्रम सञ्चालन गर्नुअघि सार्वजनिक रुपमा माग गरिने स्वमूल्याङ्कन आवेदन फाराम भरी सूचनामा उल्लेख भएबमोजिम पठाउनुपर्ने छ ।

२.२. स्वमूल्याङ्कन आवेदनहरुको **प्रारम्भिक मूल्याङ्कन :** पेस गरिएका स्वमूल्याङ्कन आवेदनहरुका आधारमा स्पेसियालिटि तथा सव स्पेसियालिटि तहमा कार्यक्रम सञ्चालन गर्न उक्त संस्थाहरुको भौतिक पूर्वाधार, फ्याकल्टी, प्राज्ञिक गतिविधि, सेवा प्रवाह, स्वास्थ्य मापदण्ड पालना, विशेषज्ञ सेवामा विशिष्टताका आधारहरु, उपलब्ध जनशक्ति, राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्थाहरुसँगको सहकार्य आदि बूँदाहरुमा प्रारम्भिक मूल्याङ्कन प्रतिवेदन तयार गरिनेछ । उक्त प्रतिवेदन को आधारमा संस्थाहरुको अनुगमन, गुणस्तर तथा मापदण्ड मूल्याङ्कन, र सीट संख्या निर्धारण लागि प्रक्रिया अघि बढाइने छ ।

३.३.अनुगमन

अनुगनमका लागि निर्देशकको संयोजकत्वमा नेशनल बोर्ड सचिवालयले कार्य गर्नेछ ।

३.३.१ अनुगमनका लागि विज्ञ टोली खटाइने:

(क) विज्ञ टोली चयन: अनुगमनका लागि विज्ञ टोलीमा ३-५ जनासम्म सदस्य रहन सक्नेछन् ।

विज्ञहरुको चयन नेशनल बोर्डमा रहेका विज्ञहरुको रोष्टरबाट ,

वा नेशनल बोर्डले आवश्यक ठानी ठहराएका सम्बन्धित विषयका विज्ञबाट पनि हुन सक्ने छ ।



प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(ख) विज्ञ टोलीको काम, कर्तव्य र अधिकार:

विज्ञ टोलीले तोकिएको ढाँचामा स्थलगत अनुगमन गर्नेछ । विज्ञ टोलीमा संयोजन कर्ता (Team Leader)को चयन अनुगमन गर्नुपूर्व नै निर्धारित गर्नुपर्नेछ । विज्ञ टोलीले अनुगमन पश्चात फिल्डबाट फर्की आएपछि आफूले गरेको कार्यको प्रतिवेदन हार्ड कपी तथा सफ्ट कपी दुवै तीन दिनभित्र नेशनल बोर्ड सचिवालयमा बुझाउनु पर्नेछ ।

२.३.२.<u>अभिमुखीकरण गरिने:</u>(१) अनुगमनका लागि खटाउँदा खटिई जाने विज्ञलाई अनुगमनमा जानुपूर्व निर्देशनालयले अभिमुखीकरण गर्नेछ ।

(२) उपदफा २.३.१(क) बमोजिम खटिइजाने विज्ञलाई आयोगको स्वीकृत आर्थिक कार्यविधिअनुसारको दैनिक भ्रमण खर्च तथा भत्ता उपलब्ध गराइने छ ।

(३) फिल्डबाट फर्की आएपछि प्रतिवेदन लेखन तयारीका लागि बढीमा तिन दिनसम्मको उपत्यकामा कार्य गरेबमोजिम ठहर्ने गरी दैनिक भत्ता उपलब्ध गराइनेछ । उपत्यका बाहिर र उपत्यकाभित्रका विज्ञलाई अभिमुखीकरण कार्यक्रममा समेत नियमानुसारको दैनिक भ्रमणभत्ता उपलब्ध गराइनेछ ।

२.३.३.<u>तटस्थ रहनु पर्ने:</u> विज्ञले कुनै पनि शिक्षणसंस्थाको अनुगमनगर्दा निष्पक्ष र तटस्थ ढंगले गर्नुपर्नेछ ।यसरी अनुगमन गर्न जाने संस्थामा अनुगमकर्ताको कुनै पनि संलग्नता नभएको भनी कबुलियतनामा गर्नुपर्नेछ ।

२.३.४. <u>अनुगमनकर्ताको आचार संहिता:</u> अनुगमनकर्ताको आचार संहिता देहायबमोजिम हुनेछ:

(क) फिल्डमा जानुपूर्व आफूले गर्ने कार्य र अनुगमन गर्न लागेको शिक्षण संस्थाका बारेमा कहींकतै कुनैपनि तवरले जानकारी गराउन वा सूचना दिन नहुने ।

(ख) अनुगमनका क्रममा कुनैपनि शिक्षणसंस्थाको आतिथ्यता तथा उपहार स्वीकार्न नहुने।

(ग) अनुगमन गरिएको शिक्षणसंस्थाको स्वतन्त्र र मर्यादा कायम राखी अनुगमन गर्नुपर्ने । अनुगमन स्थलमा उक्त संस्थाको यो वा त्यो पक्ष राम्रो वा नराम्रो भनी टिकाटिप्पणी गर्न नहुने ।

(घ) अनुगमन हुने शिक्षण संस्थामा अनुगमनकर्ताको कुनैपनि प्रकारको आबद्धता हुन नहुने ।

(ङ) उपदफा २.३.(ख) बमोजिम गरेको कार्यको सूचना आफू बहालमा रहँदा वा नरहँदा समेत सम्बन्धित व्यक्तिले गोप्य राख्नुपर्नेछ ।

२.४. नियमित अनुगमन हुने: (१) आयोगले आवश्यक ठानेमा अस्पताल/शिक्षण संस्थाको आवश्यकताअनुसार प्राज्ञिक तथा प्रशासनिक अनुगमन नियमित रुपमा गर्न सक्नेछ ।



प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

५.५. <u>निगरानी राख्न सक्नेः</u> आयोगले अनुगमनका क्रममा गरेका काम कार्बाहीको सूक्ष्म निगरानी राख्न सक्नेछ ।

## परिच्छेद- ३

३.१. <u>संस्थाहरुको गुणस्तर मूल्याङ्कन तथा सीट निर्धारण:</u> अनुगमन टोलीले संस्थाहरुमा अनुगमन गरी सोको प्रतिवेदन नेशनल बोर्ड सचिवालयमा बुझाएपछि निर्देशनालय द्वारा गुणस्तर मूल्याङ्कनको प्रक्रिया अगाडि वढाइने छ ।उक्त प्रयोजनका लागि निम्नानुसार अनुगमन, गुणस्तर मूल्याङ्कन तथा सीट निर्धारण समिति रहने छ ।

| | |
|---|---|
| (क) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका निर्देशक | संयोजक |
| (ख) मापदण्ड तथा प्रत्यायन निर्देशनालयका निर्देशक | सदस्य |
| (ग) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज बोर्डबाट तोकिएका विज्ञ | सदस्य |
| (घ चिकित्सा शिक्षा आयोगका उपाध्यक्षबाट मनोनित बिज्ञ एक जना | सदस्य |
| (ङ) नेशनल बोर्ड सचिवालयबाट निर्देशकले तोकेका सदस्य | सदस्य सचिव |

३.२ समितिको काम, कर्तव्य र अधिकार यस प्रकार रहने छ:-

- टोलीद्वारा प्रस्तुत प्रतिवेदनलाई मुख्य आधार मानी गुणस्तर मूल्याङ्कन समितिले Yardstick बनाई सोका आधारमा निम्न कुराहरुमा मूल्याङ्कन गर्ने छ ।
- संस्थाहरुको भौतिक पूर्वाधार (Infastructure/Hospital Services)
- सम्बन्धित स्पेसियालिटि तथा सवस्पेसियालिटि कार्यक्रम अन्तर्गत विभिन्न विभागका पूर्वाधारहरुको मूल्याङ्कन
- प्राज्ञिक कार्यहरुका लागि उपलब्ध स्रोत साधनहरुको मूल्याङ्कन
- शैक्षिक जनशक्तिको उपलब्धता तथा प्राज्ञिक ईकाइ (Academic Unit) को आँकलन
- नेपाल सरकार स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय, मेडिकल काउन्सिलहरु अन्तर्गतका मापदण्ड लागू हुने अवस्थामा सोको आँकलन
- संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत पुर्याएको सेवाको मूल्याङ्कन
- संस्थाले प्राज्ञिक उन्नयन तथा अनुसंधान क्षेत्रमा गरेको कार्यको मूल्याङ्कन
- नेशनल बोर्ड अन्तर्गत चिकित्सा आयोगसँगको सहकार्य तथा दूरगामी स्थायित्वको आँकलन
- समितिले आवश्यक ठहर्याएका अन्य बूँदा केहीं भए सोको मूल्याङ्कन



प्रा. ... कृष्ण गिरी
उपाध्यक्ष

३.३ <u>सीट निर्धारण:</u> प्रतिवेदन तयार पार्ने कार्यदल समितिले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि- २०७७, राष्ट्रिय चिकित्सा ऐन २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७, (पहिलो संशोधन सहित) को परिधिभित्र रही नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत स्पेसियालिटि तथा सवस्पेसियालिटि कार्यक्रम सुरु गर्न सकिने संस्थाहरु तथा उपलब्ध शैक्षिक फ्याकल्टीहरुको पहिचानका लागि मापदण्ड पुरा गरेको आधारका साथै सो संस्थाहरुमा सुरु गर्न सकिने स्पेसियालिटि तथा सवस्पेसियालिटि कार्यक्रममा प्राज्ञिक एकाइको आधारमा सीट संख्या निर्धारण समेतको विवरण तयार पार्ने छ ।यस समितिको प्रतिवेदन निर्देशकले आवश्यक प्रक्रियाको लागि नेशनल बोर्डको बोर्ड बैठकमा पेस गर्ने छन् । बोर्ड बैठकले आवश्यक छलफलपछि स्वीकृतिका लागि कार्यकारी समितिमा पेस गर्ने छ । कार्यकारी समितिको स्वीकृति पश्चात् संस्थाहरुलाई National Board Accreditated Centres for Specialty/Subspecialty भनिने छ ।तथा कार्यक्रम सुरुआतको लागि मान्य मानिने छ ।

३.४ <u>संशोधन हुने</u> नेशनल बोर्डले यस कार्यविधिका व्यवस्थाहरु आवश्यकता अनुसार संशोधन वा परिमार्जनका लागि कार्यकारी समितिमा पेस गर्न सक्ने छ ।

३.५ <u>कानुन बमोजिम हुने</u>: ऐन , नियमावली, तथा यस कार्यविधि ले सम्बोधन गरेका बूँदाहरुका हकमा सोही बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुने छ ।

प्रा.डा. ...कृष्ण गिरी
उपाध्यक्ष

३.३ सीट निर्धारण: प्रतिवेदन तयार पार्ने कार्यविधि समितिले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि- २०७७, राष्ट्रिय चिकित्सा ऐन २०७५ तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७, (पहिलो संशोधन सहित) को परिधिभित्र रही नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत स्पेसियालिटि तथा सवस्पेसियालिटि कार्यक्रम सुरु गर्न सकिने संस्थाहरु तथा उपलब्ध शैक्षिक फ्याकल्टीहरुको पहिचानका लागि मापदण्ड पुरा गरेको आधारका साथै सो संस्थाहरुमा सुरु गर्न सकिने स्पेसियालिटि तथा सवस्पेसियालिटि कार्यक्रममा प्राज्ञिक एकाइको आधारमा सीट संख्या निर्धारण समेतको विवरण तयार पार्ने छ ।यस समितिको प्रतिवेदन निर्देशकले आवश्यक प्रक्रियाको लागि नेशनल बोर्डको बोर्ड बैठकमा पेस गर्ने छन् । बोर्ड बैठकले आवश्यक छलफलपछि स्वीकृतिका लागि कार्यकारी समितिमा पेस गर्ने छ । कार्यकारी समितिको स्वीकृति पश्चात् संस्थाहरुलाई National Board Accreditated Centres for Specialty/Subspecialty भनिने छ ।तथा कार्यक्रम सुरुआतको लागि मान्य मानिने छ ।

३.४ संशोधन हुने नेशनल बोर्डले यस कार्यविधिका व्यवस्थाहरु आवश्यकता अनुसार संशोधन वा परिमार्जनका लागि कार्यकारी समितिमा पेस गर्न सक्ने छ ।

३.५ कानुन बमोजिम हुने: ऐन , नियमावली, तथा यस कार्यविधि ले सम्बोधन गरेका बूँदाहरुका हकमा सोही बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुने छ ।

प्रा.डा. ...कृष्ण गिरी
उपाध्यक्ष